जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ६८ | २०७७ साल असोज २० गते मंगलबार (6 Oct. 2020 Tuesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कोभिड-१९ रोकथामका लागि ... ३ पृष्ठमा : विधेयक पारित नहुँदा ६३ लाख ... ३ पृष्ठमा : भारतमा कोरोना सङ्क्रमित ...

## नागरिकता बनाउन आउनेको अत्याधिक भिड

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

कोरोना महामारीकै बीचमा बन्दाबन्दी समाप्त भएको सरकारले निर्णय गरेपछि अहिले जिल्ला प्रशासन कार्यालय सप्तरीमा नागरिकता बनाउनेहरुको अत्याधिक चाप बढेको छ ।

कोरोना महामारीको जोखिम कायमै रहेका बेला जिल्ला प्रशासन कार्यालय सप्तरीमा दिनहुँ ५ देखी ६ सयसम्म सेवाग्राहीहरु नागरिकता बनाउन आउने गरेका छन् ।



सेवाग्राहीको चाप बढेपछि प्रहरी खटाउँदा पनि सामाजिक दुरी कायम गराउन हम्मे हम्मे परेको छ । जिल्ला प्रशासन कार्यालयकै पाँच जना कर्मचारीलाई कोरोना संक्रमण भई एक जनाको मृत्यु समेत भएपछि कार्यालयले पालो लगाएर एक दिनमा दुई स्थानिय तहहरुमा सेवाग्राहीको काम संचालनको व्यवस्था मिलाएको थियो ।

सेवाग्राहीहरुको अत्याधिक चाप बढेपछि कोरोना संक्रमणको जोखिम समेत बढेको छ भने भिडले गर्दा कतिपय सेवाग्राही काम नभ्याएर निरास भई फर्कदै गरेका छन् । सेवाग्राहीको भिडभाड जिल्ला प्रशासनमा मात्र होइन् मालपोत, नापी, विद्युत प्राधिकरण, बैंक तथा वित्तिय संस्था लगायतका अन्य कार्यालयमा समेत बढेको छ ।

जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी आनन्द ठाकुरले दैनिक तीन सय सम्म नागरिकता बनाउन, एक सय सम्म प्रतिलिपी लिन सक्ने व्यवस्था मिलाएको जानकारी दिएका छन् । यता नागरिकता लिन आउनेहरुले सनाखतका लागि समेत मानिस लिएर आउने हुँदा भिडभाड बढेको उनको कथन छ ।

उनले कोरोनाको जोखिमप्रति

*बाँकी तीन पृष्ठमा*

## साबुनपानीले हात धुन जिल्लावासीलाई आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

जिल्ला स्तरीय खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिको बसेको वैठकले एक महिने साबुनपानीले हातधुने राष्ट्रिय अभियानमा सहभागि बन्न आग्रह गरेको छ ।

राष्ट्रिय स्तरमा आह्वान गरेको एक महिने साबनुपानीले हात धुने अभियानलाई सफल पार्नका लागि सप्तरी जिल्ला स्थित रहेका खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिले जिल्लाका प्रत्येक घर, विद्यालय तथा संघसंस्थाहरुमा हात धुने निश्चित स्थान बनाई नियमित हात धुन आग्रह तथा अनुरोध गरेको छ ।

कोरोना भाईरसबाट बच्ने सवै भन्दा प्रभावकारी उपाय साबुनपानीले हात धुनु रहेकोले प्रत्येक बर्ष अक्टोबर १५ मा मनाईने विश्व हात धुने दिवसलाई मध्यनजर गर्दै यसपाली महामारिको रुपमा रहेको कोभिड १९ भाईरसलाई ध्यानमा राखि अक्टोबर महिना भरी साबुनपानीले हात धुने अभियान संचालन गरिएको जनाइएको छ ।

जिल्ला खानेपानी सरसफाइ स्वच्छता समन्वय समितिका अध्यक्ष प्रभाकर यादवको अध्यक्षतमा सम्पन्न बैकठमा समितिका सदस्य सचिव एवं खानेपानी डिभिजन कार्यालयका निमित्त प्रमुख अजय कर्ण, बिभिन्न पालिकाका प्रमुख, उपप्रमुखहरु, गैसस महासंघका अध्यक्ष, विभिन्न दातृ निकायहरु एसएनभि नेपाल, डब्लु एचएच लगायतका प्रतिनिधी तथा विभिन्न स्थानिय संस्थाहरु, सबल नेपाल, केभिएस, महुली सामुदायिक विकास केन्द्र, सप्तरी सामुदायिक विकास केन्द्र नेपाल, वेल, सेभ द सप्तरी लगायतका प्रतिनिधीहरुको सहभागिता रहेको थियो ।



## सम्पादकीय ....

# बहुमत होइन सर्वसम्मत आवश्यक

मुलुकमा प्रादेशिक संरचना स्थापना भएको तीन वर्ष पुरा भएको छ। तीन वर्षको अवधीमा विभिन्न प्रदेशहरु अहिले पनि नाम, स्थायी राजधानी तोक्न संघर्षरत नै छन्। जसमध्ये प्रदेश १, २ र ५ प्रदेश अहिले पनि नाम र राजधानीका लागि प्रदेश सभाबाट टुङ्गो लगाउन सकिरहेको छैन्। प्रदेश २ को कुरा गर्ने हो भने नाम र स्थायी राजधानीका लागि पेश गरिएको प्रस्ताव प्रदेश सभाबाट फेल भइसकेको अवस्था छ। यस्तै प्रदेश १ मा हालसम्म विवादै रहेको छ। यसैबीच प्रदेश ५ ले प्रदेश सभामा पेश गरेको प्रस्ताव अहिले अन्यौलमा रहेको छ। बुटवलबाट राजधानी दाङ्ग सार्ने प्रस्ताव पेश भएपछि विपक्षि दलले प्रदेशसभामा तोडफोड गर्नुका साथै सडक आन्दोलन समेत सुरु गरेको छ।

यसरी कुनै पनि प्रदेशको राजधानी र नाम तोक्नु भनेको संसदमा रहेका प्रतिपक्ष दलसँग पनि सल्लाह र उसको विश्वासको मत पाएपछि दुई तिहाई मतबाट त्यो पारित हुने प्रावधान रहेको छ। तर अहिले प्रदेश ५ मा सरकारमा रहेका दलले एकलौटी ढंगले प्रस्ताव पास गर्न खोजेको भन्दै त्यसको बिरोध भएको छ।

कुनै पनि सत्ताधारी दलले प्रस्ताव पेश र पारित गर्ने कुरामा विपक्षि दलको विश्वासको मत लिएमात्र त्यो सम्भव हुने हो। तर, बहुमतको दम्भमा कुनै पनि प्रस्ताव एकलौटी ढंगले पारित गर्न खोजिए त्यो असुहाउँदो हो। तसर्थ राजधानी तोक्ने जस्तो गम्भिर विषयमा बहुमतले नभइकन सर्वसम्मतले सबैको विश्वासको मत लिएर मात्र तोकेमा यसको औचित्य रहन्छ।

# कोभिड-१९ रोकथामका लागि विभिन्न दातृ निकायद्वारा सहयोग

काठमाडौं, १९ असोज (रासस)।

सरकारलाई कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि अन्तर्राष्ट्रिय दातृ निकायबाट सहयोग प्राप्त गरेको छ। सरकारले जापान, स्विरजरल्यान्ड, जर्मन, विश्व बैंक, एसियाली विकास बैंक, विश्व स्वास्थ्य सङ्गठन, चीन, भारतलगायत देशबाट आर्थिक सहयोग तथा स्वास्थ्य सामग्री प्राप्त गरेको छ।

कुनै देशले आर्थिक सहयोग र कुनैले कोभिड-१९ को परीक्षण गर्ने सामग्री प्रदान गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रमुख विशेषज्ञ डा रोशन पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार कुनै देशले उपलब्ध गराउने आर्थिक सहयोग अर्थ मन्त्रालयमार्फत स्वास्थ्य मन्त्रालय आइसकेको छ भने कुनै रकम आउन बाँकी रहेको छ। जापान सरकारले अक्सिजन मेसिन, अल्ट्रासाउन्ड मेसिन र छ वटा एम्बुलेन्स प्रदान गरेको छ।

यस्तै स्विस सरकारले ६० हजार पिसिआर किट, भारत सरकारले ३० हजार पिसिआर किट र २० हजार रेम्डिसिभियर खोप प्रदान गरेको छ। भारतले ३० वटा एम्बुलेन्ससमेत प्रदान गरेको उहाँले जानकारी दिनुभयो। यस्तै जर्मन सरकारले १३ वटा अस्पतालको फोहर व्यवस्थापनका लागि काम गरिरहेको छ।

जनसङ्ख्या तथा समन्वय महाशाखा प्रमुखसमेत रहनुभएका डा पोखरेलले जर्मन सरकारले प्रदान गर्ने भनेको रु एक अर्ब आउने भने बाँकी रहेको बताउनुभयो। अर्थ मन्त्रालयबाट उक्त रकम स्वीकृत भइरहेको उहाँले जानकारी दिनुभयो।

यसैगरी चीन सरकारले पनि कोभिड-१९ को रोकथाम र नियन्त्रण गर्न सहयोग प्रदान गरेको छ। चीन सरकारले व्यक्तिगत सुरक्षा कवच (पिपिई), पिसिआर किट प्रदान गरेको छ। चीन सरकारले रु २४ करोड दिने प्रतिबद्धता व्यक्त गरेको छ।

विश्व बैंक र एसियाली विकास बैंकले नेपाललाई समेत सहयोग प्रदान गर्ने भएका छन। दुवै बैंकले रु २० करोडका दरले प्रदान गरेको मन्त्रालयका प्रमुख विशेषज्ञ डा पोखरेलले जानकारी दिनुभयो। दुवै बैंकले अनुदान र ऋणका लागि उक्त रकम प्रदान गरेका हुन्। अनुदानको रकम यही डिसेम्बरसम्मका लागि खर्च गरिसक्नुपर्ने छ।

सरकारले गत जेठ महिनामा कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि करीब रु आठ अर्ब ३९ करोडको हिसाब सार्वजनिक गरेको थियो। सरकारले कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सहयोग पुर्‍याउन कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा विभिन्न सहयोग गर्ने व्यक्ति वा सङ्ख्याबाट करीब रु दुई अर्ब ७६ करोड ६९ लाख सात हजार १७७ सङ्कलन गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकारी कविता फुयाँलले जानकारी दिनुभयो।

यस्तै विश्व स्वास्थ्य सङ्गठन कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि प्राविधिक सहयोग प्रदान गर्दै आइरहेको छ। कन्टचाक्ट ट्रेसिङ, प्रयोगशाला स्थापना, सूचना प्रविधिलगायतमा सङ्गठनले सहयोग गर्दै आइरहेको मन्त्रालयका प्रमुख विशेषज्ञ डा पोखरेलले बताउनुभयो। सङ्गठनले सातवटा भेन्टिलेटर र केही पिसिआर रिएजेन्टसमेत प्रदान गरेको छ।

चीनको वुहान शहरबाट आएका विद्यार्थीमा नेपालमा पहिलोपटक २०७६ साल माघ १० गते सङ्क्रमण देखिएको थियो। अहिलेसम्म ८६ हजार ८२३ सङ्क्रमित फेला परेका छन् भने ६४ हजार ६९ जना सङ्क्रमणबाट निको भएर घर फर्किसकेका छन्। हालसम्म निको हुने दर ७३ दशमलव ०७ प्रतिशत रहेको छ। यसैगरी ५३५ को सङ्क्रमणबाट निधन भइसकेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ट्राफिक प्रहरी महाशाखाको काम अब अनलाइनबाट

काठमाडौं, १९ असोज (रासस)।

केही अघिसम्म काठमाडौं उपत्यकामा कुनै सवारी साधन अथवा त्यसका कागजात हराएमा नागरिकले महानगरीय ट्राफिक प्रहरी महाशाखामा आफैँ उपस्थित भएर निवेदन दिन्थे। मानिसहरूको बढी भिडभाड हुँदा लामो लाइनको झन्झट त हुन्थ्यो। यसका साथै गत वर्षबाट महामारीको रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको जोखिम उत्तिकै थियो।

अब भने त्यो झन्झटबाट नागरिक मुक्त भएका छन्। महाशाखाले घरमै बसेर सबै समस्याका निवेदन अनलाइनबाटै दिन सकिने व्यवस्था गरेपछि सर्बसाधारणका लागि ठुलो राहत मिलेको छ। अब नागरिकले हराएका कागजात र सवारी साधनसम्बन्धिका निवेदन मोबाइल वा कम्प्यूटरबाट एक क्लिकमै दिन सक्नेछन्।

विगतदेखि नै प्रविधिमैत्री अभ्यासको थालनी गरेको महाशाखाले कोरोनाको सङ्क्रमण फैलिएपछि प्रविधिको उच्चतम प्रयोगतर्फ जोड दिएको पाइएको छ। कार्यालयमा भिडभाड हुने र रोगको जोखिम बढेपछि त्यसको नियन्त्रणका साथै ट्राफिक व्यबस्थापन चुस्त बनाउन उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी प्रविधितर्फ जोड दिन थालिएको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल बताउनुहुन्छ।

महाशाखामा यही असोजमा हराएका कागजात र सवारी साधनबारे अनलाइनमार्फत निवेदन दिन सकिने गरी नयाँ सफ्वेयरको विकास गरिएको हो। यसका लागि महाशाखाको वेवसाइट तचबाष्आलभउबडियषिअभानयखालउ मा गएर अनलाईन एप्लिकेशनमा क्लिक गर्नुपर्ने छ। त्यसभित्र 'लस्ट डकुमेन्ट एप्लिकेशन' र 'लस्ट भेइकल एप्लिकेशन' गरी दुई वटा अप्सन देख्नुहुने छ। आफ्नो समस्याको आधारमा एउटा अप्सन छनोट गरी त्यसमा क्लिक गरेर निवदेन दिन सकिनेछ। नेपाली वा अङ्ग्रेजी दुबै भाषामा निवेदन दिन सकिने व्यवस्था छ। अनलाइनमा मागिएको विवरण भरेर पठाएपछि उक्त विवरण सोझै ट्राफिक प्रहरीको नियन्त्रण कक्षमा पुग्ने छ। त्यही विवरणको आधारमा प्रहरीले दर्ता गरी तत्काल खोजी कार्य शुरु गर्ने महाशाखाअन्तरगत कम्प्युटर शाखाका प्रहरी निरीक्षक सुरेशकुमार थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार अनलाईन प्रणालीको अनुगमन र रेखदेखमा कम्प्युटर एडमिन शाखाले काम गर्ने छ। त्यही शाखामार्फत गुनासोकर्तालाई सूचना सम्प्रेशण हुन्छ। फेला परेपछि अनलाइनबाटै सूचना पुग्ने गरी सफ्टवेयरको विकास गरिएको छ त्यही सूचनाको आधारमा सवारी वा कागजातधनीले आफ्नो सामग्री लैजान सक्ने छन्।

यही असोज ५ गते हराएका सवारी चालक अनुमति पत्र, सवारी दर्ता किताब र सवारी इजाजतपत्रको सिफारिसको निवेदन अनलाइनबाटै दिन सकिने व्यवस्थाको थालनी गरिएको र असोज १८ बाट भने हराएका सवारीको पनि अनलाइनबाटै निवेदन दिन सकिने गरी सफ्टवेयरको प्रयोग शुरु भएको छ। महाशाखाका अनुसार झण्डै १५ दिनको अवधिमा अनलाइनबाट एक हजार ५१२ वटा निवेदन प्राप्त भइसकेको छ।

महाशाखाले प्रविधिलाई जोड दिँदै ट्राफिक व्यवस्थापन सम्बन्धिका अन्य विभिन्न गतिविधि अघि बढाएको थियो। महाशाखा कै समन्वयमा विगत ९ वर्षदेखि बिग्रिएर बसेको काठमाडौं उपत्यकाको २४ स्थानका सञ्चालित प्रविधिमैत्री ट्राफिक बत्तीले सवारी आवागमनमा सहज पारेको छ। अन्य ११ स्थानका लागि काम भइरहेको महाशाखाले जनाएको छ।

यस्तै सर्भिलेन्स भेईकल्स, राडर गन, ब्रेथलाइजरको समेत अधिकतम उपयोग गरी ट्राफिक नियम उल्लङ्घन विरुद्धसमेत कारवाही जारी छ। भेइकलमार्फत ५५६ र राडर गनमार्फत एक हजार ७६४ सवारी साधनलाई कारवाही गरिएको छ। ब्रेथलाइजरको प्रयोग गरी २५ हजार बढी सवारी कारवाही गरेको माशाखाले जनाएको छ।

कतिपय अबस्थामा ट्राफिक प्रहरी देख्दा नियम मान्ने, नदेख्दा उलङ्घन गर्ने प्रवृत्ति थियो। त्यसको नियन्त्रणका उपाए थिएन। महाशाखामा जनशक्तिसमेत थोरै भएकाले समस्या परेपछि विगतदेखि नै सिसी क्यामराको श्रव्यदृष्य हेरेर कारवाही थालिएको महाशाखा प्रमुख ढकालले बताउनुभयो।

'ट्राफिक कम्युनिकेसन एप्स'को प्रयोग गरी सवारी साधन व्यवस्थापनलाई चुस्त बनाउने प्रयासमा महाशाखा रहेको छ। उक्त एप्समार्फत सवारी दुर्घटना न्यूनिकरण तथा सुरक्षित यात्राका लागि आवश्यक निगरानी गर्ने गरिएको छ। लामो दुरीका यात्रुवाहक यातायत चलाउने चालक परिवर्तन भए/नभएको, दुई चालक भए नभएको बारे आवश्यक जाँच गरी ४५६ सवारी साधनलाई कारवाहीको दायरामा ल्याईएको महाशाखाले जनाएको छ।

महाशाखाले 'स्मार्ट कार्ड रिडर मेसिन' को प्रयोग गरी सवारी चालक अनुमतिपत्रको पनि जाँच गरिरहेको छ। महाशाखाबाट दिने सेवालाई थप प्रविधिमैत्री बनाउन र ट्राफिक नियम उल्लङ्घन गरेबापतको कसूरमा कारवाहीको लागि खिचिएका कागजपत्रको अभिलेख व्यवस्थापनमा 'ट्राफिक भाइलेन्स रेकर्ड सिष्टम' गत फागुनबाटै प्रयोगमा ल्याइएको छ।

काठमाडौं उपत्यकामा हुने सवारी दुर्घटनाको अभिलेखीकारण गर्न महाशाखालगायत मातहतका ३३ कार्यालयमा सवारी दुर्घटनासम्बन्धी सूचना व्यवस्थापन प्रणालीको प्रयोगलाई तिब्र पारिएको छ। महाशाखाले विद्युतीय भुक्तानी प्रणालीका साथै विभिन्न सचेतनामुलक श्रव्यदृष्य सामग्रीहरू बनाउने प्रक्रिया अघि बढाएको छ।

महाशाखाले निकट भविश्यमा ईन्टेलिजेन्स ट्राफिक नियन्त्रण कक्ष, भेइकल स्क्यानर, स्वचालित गति मापक यन्त्र, डिडिटल ड्राइभिङ परीक्षण केन्द्र, भेइकल ट्राकिङ प्रणाली, प्रविधिमैत्री तथ्याङ्क व्यवस्थापन केन्द्र, विद्युतीय टोकन प्रणाली, विद्युतीय उद्धार सामग्री र प्रविधियुक्त मिटर रिडिङ् प्रणालीको प्रयोग गर्ने योजना अघि बढाएको छ।

# विधेयक पारित नहुँदा ६३ लाख नेपालीले पाएनन् नागरिकता

काठमाडौँ, १९ असोज (रासस)।

नेपाल नागरिकता ऐन २०६३ संशोधन गर्न बनेको विधेयक पारित नहुँदा करीब ६३ लाख नेपालीले नागरिकताको प्रमाणपत्र पाउन सकेका छैनन्।

महिला, कानून र विकास मञ्चले सोमबार आयोजना गरेको नागरिकता विधेयकका विषयमा सञ्चारकर्मीसँगको भर्चुअल छलफल कार्यक्रममा विसं २०६८ को जनगणनाअघि गरिएको अध्ययनका आधारमा यस्तो तथ्य सार्वजनिक गरिएको हो। केन्द्रीय तथ्याङ्क विभागले गरेको जनगणना र गृह मन्त्रालयले वितरण गरेको नागरिकताको प्रमाणपत्रका आधारमा यो अध्ययन गरिएको मञ्चका कार्यकारी निर्देशक सबिन श्रेष्ठले जानकारी दिनुभयो।

अध्ययन गरिएको वर्ष ४३ लाख ४६ हजार ४६ नेपालीसँग नागरिकताको प्रमाणपत्र थिएन। प्रत्येक वर्ष बढ्ने जनसङ्ख्याको अनुपात र वितरण हुने नागरिकताका आधारमा नपाउनेको सङ्ख्या निकाल्ने गरिएको पनि उहाँले सुनाउनुभयो।

सङ्घीय संसद्, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा लामो समयदेखि छलफलका क्रममा रहेको नागरिकता विधेयक पारित नहुँदा महिलाको नाममा सन्तानले नागरिकता पाउन नसकेको जानकारी गराइयो। विधेयक पारित नहुँदा संविधानमा मौलिक हकका रूपमा स्थापित नागरिकता प्राप्त गर्ने हकबाट समेत नागरिक वञ्चित हुनुपरेको अधिवक्ता नवीनकुमार श्रेष्ठले बताउनुभयो।

काठमाडौँ जिल्लामा सबैभन्दा बढी एक लाख १५ हजार ७६७ सँग नागरिकता छैन। नागरिकता पाउन नसक्ने नेपालीको सबैभन्दा कम १६.३८ प्रतिशत प्रदेश नं २ मा रहेको मञ्चले जनाएको छ। प्रत्येक वर्ष सात लाख नेपाली नागरिकता पाउन योग्य अर्थात् १६ वर्ष उमेर पुग्छन्। गृह मन्त्रालयले दिएको तथ्याङ्कअनुसार वार्षिक चार लाख ७० हजारले मात्र नागरिकता पाउने गरेका छन्।

"एक वर्षपछि अर्थात् विसं २०७८ मा राष्ट्रिय जनगणना गरिँदैछ, त्यसबेला नागरिकसँग नागरिकता छ, छैन, यसको पनि गणना गरिनुपर्छ, राज्यले गणना गरी निकालेको तथ्याङ्क आधिकारिक हुने भएकाले पनि यसो गरिनु आवश्यक छ, यसले तीनै तहका सरकारलाई योजना बनाउन पनि सहयोग गर्छ", कार्यकारी निर्देशक श्रेष्ठले भन्नुभयो।

प्रत्येक राजनीतिक परिवर्तनपछि नागरिकता बाँडिने परिपाटी पनि अन्त्य गरिनुपर्नेमा कार्यक्रमका सहभागीले जोड दिएका थिए। विसं २०६३ मा २०४६ चैतसम्म नेपालमा जन्मिएका जति सबैलाई नेपाली नागरिकता दिने र त्यसका लागि तीन जनाले सिफारिस गरे पुग्ने जस्ता हचुवाका व्यवस्था फेरि दोहोरिनु नहुने उहाँहरूको भनाइ थियो।

नागरिकता वितरणमा कुनै गल्ती भएमा दिने प्रमुख जिल्ला अधिकारीलाई कारबाही नगरिने तर सिफारिस गर्ने वडाध्यक्षलाई कारबाही गर्ने व्यवस्थासमेत पारदर्शी र जवाफदेही हुन नसकेकाले संशोधन गरिनुपर्नेमा ध्यानाकर्षण गराइएको छ। नागरिकता वितरणसम्बन्धी कानून स्पष्ट गरिनुपर्ने, विवेकका भरमा निर्णय गर्ने व्यवस्था खारेज गर्नसमेत कानून व्यवसायीले माग गरेका छन्।

# महिला हिंसाका घटना बढ्नु चिन्ताको विषय हो : गृहमन्त्री थापा

काठमाडौँ, १९ असोज (रासस)।

गृहमन्त्री रामबहादुर थापाले विपद् नआउने उपाय अवलम्बन गर्न तथा विपद्पछिका उद्धारका कामलाई प्रभावकारी तुल्याउन सरकारले हरसम्भव प्रयत्न गरिरहेको बताउनुभएको छ।

राष्ट्रिय सभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको सोमबारको बैठकमा उहाँले विकाससम्बन्धी गलत नीतिले विपद्का घटना निम्त्याएको उल्लेख गर्नुभयो। मुलुकमा बाढी, पहिरो, डुबान र चट्याङलगायतका घटनामा वर्षमा सरदर एक हजार व्यक्तिको मृत्यु हुनुका साथै आवास, पूर्वाधार र बालीनाली गरी अर्बौंको क्षति हुँदै आएको छ।

प्राकृतिक प्रकोप र विपद् जोखिमलाई न्यूनीकरण गर्न सहजताका लागि सरकारले आवश्यक ऐन, कानून निर्माण भइसकेको उल्लेख गर्दै गृहमन्त्री थापाले भन्नुभयो, "औद्योगिक मुलुकले लिएको विकाससम्बन्धी गलत नीतिले पृथ्वीको तापक्रम बढन गई जलवायु परिवर्तनमा आएको असरको कारण अनेकौं खाले विपद्का घटना निम्त्याएको छ।" प्राकृतिक प्रकोपका घटनाबाट हुने क्षतिलाई न्यूनीकरण गर्न जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

महिला तथा दलितमाथि हुने उत्पीडनका घटना न्यूनीकरण गर्न सरकार संवेदनशील रहेको बताउँदै गृहमन्त्री थापाले भन्नुभयो, "महिला सेलजस्तै प्रहरीमा दलित डेस्क बनाउने सोच अघि सारिएको छ, अघिल्ला वर्षको तुलनामा महिलामाथि हुने बलात्कार र घरेलु हिंसाका घटना कोभिड-१९ को लकडाउनपछि बढेको छ, यो चिन्ताको विषय हो।"

यसअघि बैठकमा सदस्यहरूले विकास भनेको सडकमात्र हो भन्ने बुझाइ र विनागुरुयोजना हतारोमा सडक बनाउने कार्यले पहिराका जोखिम निम्त्याएको सडक खन्ने कार्यलाई व्यवस्थित र योजनाबद्ध ढङ्गबाट अघि बढाउन सुझाव दिनुभयो।

कोरोनाका कारण देखिएको असहज परिस्थितिमा कैदी व्यवस्थापनमा देखिएको चाप घटाउन, जोखिममा अग्रमोर्चामा काम गर्ने चिकित्सक र सुरक्षा फौजको मनोबल बढाउन प्रोत्साहनको व्यवस्था गर्न तथा हिंसामा परेका महिलाको सहजरूपमा प्रहरीले उजुरी लिने व्यवस्था गर्न उहाँहरूले गृहमन्त्रीसँग आग्रह गर्नुभयो।

जोखिमबस्ती स्थानान्तरणमा विशेष ध्यान पुऱ्याउन पनि गृहमन्त्रीमार्फत सरकारको ध्यानाकर्षण गराउँदै उहाँहरूले तीन तहका सरकारबीच समन्वयका साथ काम गर्न तथा प्रभाव र पहुँचका आधारमा आयोजना छान्ने गलत प्रवृत्ति रोक्न सुझाव दिनुभयो।






## नागरिकता बनाउन ...

प्रशासन सचेत र सजग रहेको भन्दै बिहानैदेखी लाइनमा बस्ने सेवाग्राहीलाई भौतिक दुरी कायम र मास्क/सेनिटाइजरको प्रयोग गर्न निरन्तर आग्रह गरिरहनु परेको सुनाए। उनले यस्तो भिडभाड घटाउने विभिन्न उपायको खोजीमा लागेको र एक दुई दिनमै केही निकास निस्किने बताए।

यसअघि जिल्ला प्रशासन कार्यालय सप्तरीले कोरोना संक्रमणको वर्तमान अवस्थालाई दृष्टिगत गरी सेवाग्राही स्वयंको स्वास्थ्य सुरक्षा समेतका अभिप्रायले जिल्लास्थित पालिका, वडा कार्यालयहरुले आवश्यकता एवं औचित्यका आधारमा मात्र सिफारिस गरी सेवाग्राहीलाई पठाउन अनुरोध समेत गरेको थियो।

सो कार्यालयले असोज ९ गते जारी गरेको सूचनामा आईतवार शम्भुनाथ, सुरुङ्गा र डाकनेश्वरी नगरपालिका, सोमवार रुपनी गाउँपालिका, खडक नगरपालिका र तिरहुत गाउँपालिका, मंगलवार हनुमाननगर कंकालिनी नगरपालिका र महदेवा गाउँपालिका, वुधवार तिलाठि कोईलाडि र छिन्नमस्ता गाउँपालिका, विहिवार राजविराज नगरपालिका र राजगढ गाउँपालिका तथा शुक्रवार अग्निसाईर कृष्णासवरण र विष्णुपुर गाउँपालिकाको कार्य सम्पादन गरिने उल्लेख छ।

यता सप्तकोशी र कञ्चनरुप नगरपालिकाको इलाका प्रशासन कार्यालय कञ्चनपुर तथा वोदेवरसाईन नगरपालिका र वलान विहुल गाउँपालिकाको काम इलाका प्रशासन कार्यालय वोदेवरसाईनबाट नै भईरहेको छ।

## विश्व समाचार

# भारतमा कोरोना सङ्क्रमित ६६ लाख पुगे, एक लाख २ हजार बढीको मृत्यु

नयाँदिल्ली, १९ असोज (रासस-एएनआई)।

भारतमा पछिल्लो २४ घण्टामा ७४ हजार ४४२ जना कोरोना भाइरस सङ्क्रमित व्यक्ति थपिनुका साथै नौ सय जना थप व्यक्तिको मृत्यु भएको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा सोमबारसम्ममा कूल सङ्क्रमितको सङ्ख्या ६६ लाख नाघेको छ।

यस्तै कोरोना सङ्क्रमितमध्ये मृत्यु भएका व्यक्तिको सङ्ख्या एक लाख २ हजार ६८५ पुगेको छ। भारतमा ५५ लाख ८६ हजार व्यक्ति निको भए पनि अझै नौ लाख ३४ हजार मानिस सक्रिय सङ्क्रमित अवस्थामा छन्। सर्वाधिक प्रभावित महाराष्ट्रमा दुई लाख ५५ हजार व्यक्ति सक्रिय सङ्क्रमित रहेका छन् भने ३८ हजार भन्दा बढीको ज्यान गएको छ।

यस्तै कर्नाटकमा एक लाख १५ हजारभन्दा बढी व्यक्ति सक्रिय सङ्क्रमित अवस्थामा रहेका र ९ हजार २८६ जनाको मृत्यु भएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषदले हालसम्म ७ करोड ९९ लाख नमूना परीक्षण गरेको जनाएको छ।

# अफगानिस्तानमा बम आक्रमण गरी जिल्ला प्रमुखको हत्या

काबुल, १९ असोज (रासस/एएनआई)।

अफगानिस्तानको हेल्माण्ड प्रान्तका एकजना जिल्ला प्रमुखको बम हमला गरेर हत्या गरिएको समाचारमा जनाइएको छ। आइतबार भएको सो बम हमलामा परी अफगानिस्तानको हेल्माण्ड प्रान्तका जिल्ला प्रमुख नाकिबुल्लाह रोशनको ज्यान गएको हो।

हेल्माण्ड प्रान्तका प्रान्तीय गभर्नर ओमार जवाकले उक्त कुराको जानकारी गराउनुभएको छ। उहाँले तालिबानीहरुले गरेको बम आक्रमणमा परी उहाँको ज्यान गएको जानकारी दिनुभयो। रोशन उक्त प्रान्तको लस्कर ए गाह जिल्लाका एक लोकप्रिय नेता पनि रहनुभएको जानकारी गराइएको छ।

प्रान्तीय गभर्नर जवाकले उक्त जिल्लामा रहेका अर्का कानूनी अधिकारी पनि नराम्ररी घाइते भएको जानकारी यहाँका स्थानीय सञ्चारमाध्यमहरुलाई दिनुभएको छ।

पछिल्ला केही दिनहरुमा उक्त क्षेत्रमा तालिबानीहरुले बम हमलाका घटना गराइरहेका छन्। अफगान सरकार र तालिबानीकाबीचमा कतारको दोहामा हालै वार्ता शुरु भएको बताइएको थियो। तर यता अफगानिस्तानमा भने तालिबानीहरुले भने हिंसात्मक हमलाहरु जारी नै राखेका छन्।

# कोरोना भाइरसबाट विश्वभर १० लाख ४१ हजार भन्दा बढीको मृत्यु

पेरिस, १९ असोज (रासस/एएफपी)।

विश्वभर महामारीका रुपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या सोमबारसम्म १० लाख ४१ हजार ८९३ जना पुगेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कोभिड-१९ बाट सङ्क्रमित हुनेको सङ्ख्या विश्वभर तीन करोड ५४ लाख ६ हजार भन्दा बढी पुगेको छ। कूल सङ्क्रमितमध्ये दुई करोड ६६ लाख ३१ हजार भन्दा बढी हजार निको छन् भने करिब ७७ लाख ३३ हजार मानिस सक्रिय सङ्क्रमित छन्।

विश्वभर अझै पनि ६६ हजार भन्दा बढी मानिसको स्वास्थ्य अवस्था निकै जटिल रहेको छ। पेशा व्यवसाय खोल्ने वा नखोल्ने भन्ने विषयमा दोधारमा रहेको संयुक्तराज्य अमेरिकामा सबैभन्दा बढी मानिसको मृत्यु भएको छ भने यहाँ सङ्क्रमितको सङ्ख्या पनि ७६ लाख ३६ नाघिसकेको छ।

कोरोना सङक्रमणबाट अमेरिकामा हालसम्म दुई लाख १४ हजार ६११ जनाको मृत्यु भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्प दुवैलाई कोरोना भाइरस सङ्क्रमण भएको छ।

कोरोना सङ्क्रमणको कारण दोस्रो स्थानमा रहेको अर्थात विश्वकै दोस्रो ठूलो जनसङ्ख्या रहेको देश भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या एक लाख नाघेको छ। आजसम्म प्राप्त समाचारअनुसार भारतमा ६६ लाख २३ हजार ८१५ जना कोरोना भाइरस सङ्क्रमित भएको र यस सङ्क्रमणबाट एक लाख २ हजार ७१४ जनाको मृत्यु भइसकेको छ।

कोरोना सङ्क्रमणलाई हेर्दा तेस्रो स्थानमा रहेको देश ब्राजिलमा ४९ लाख १५ हजार भन्दा बढी व्यक्ति सङ्क्रमित भएकामा एक लाख ४६ हजारको मृत्यु भएको छ। खोप विकास गरिसकेको घोषणा गरेको रसियामा १२ लाख १५ हजार भन्दा बढी सङ्क्रमित रहेका छन् भने २१ हजार ३५८ जनाको मृत्यु भएको छ भने दैनिक सङ्क्रमितको सङ्ख्या पनि बढ्दो छ।

युरोपेली मुलुकहरु खासगरी बेलायत, फ्रान्स, स्पेन र इटालीमा कोरोना भाइरस सङ्क्रमणको दोस्रो लहर शुरु भएको आँकलन गर्दै सार्वजनिक जनजीवनमा धेरै किसिमका प्रतिबन्धहरुको घोषणा गर्न थालिएको छ।

# एक महिला स्वास्थ्यकर्मीसहित ७ जना कोरोना संक्रमित थपिए

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

सप्तरीमा सोमबार एक महिला स्वास्थ्यकर्मीसहित ७ जना कोरोना संक्रमित थपिएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार संक्रमित हुनेमा गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा कार्यरत ती महिला स्वास्थ्यकर्मी हुन् ।

अघिल्लो दिन १० जना संक्रमित फेला परेको जिल्लामा सोमबार एक महिला स्वास्थ्यकर्मीसहित ७ जना संक्रमित थपिएको हो ।

आइतबार राजगढ गाउँपालिकाका अध्यक्ष र उनका छोरासहित ५ जना, राजविराज नगरपालिका वडा नं. ५ का दुई, सुरुङ्गा नगरपालिका, महदेवा गाउँपालिका र विष्णुपुर गाउँपालिकाका एक/एक जना छन् । योसँगै जिल्लामा संक्रमितको कुल संख्या १ हजार ३ सय २३ पुगेको छ ।

# तीन वर्षभित्र खरका छाना विस्थापन गरिने

काठमाडौँ, १९ असोज (रासस) ।

शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले आगामी तीन वर्षभित्र मुलुकबाट फुस र खरका छाना विस्थापित गरिने बताउनुभएको छ ।

विश्व बसोबास दिवसको शुभकामना दिँदै उहाँले नागरिकको मुहारमा खुशी र जीवनयापन सहज बनाउन ७५३ वटै स्थानीय तहमा कम्तीमा एक लाख परिवारको घरमा आधुनिक छानोको प्रबन्ध हुने जनाउनुभएको हो । राज्यमन्त्री मानन्धरले बेसाहरा नागरिकको संरक्षण गर्ने दायित्व राज्यले पूरा गर्ने जनाउँदै विपन्न नागरिकलाई सुरक्षित आवास दिलाउन सरकार लागि परेको र आवासको अधिकार सम्बन्धी ऐन कार्यान्वयनमा रहेको बताउनुभयो ।

कोरोना सङ्क्रमणका कारण विकासमा केही बाधा देखिएको उल्लेख गर्दै उहाँले अब कोरोनाबाट जोगिँदै मुलुकलाई समृद्धिको बाटोतर्फ अघि बढाइने बताउनुभयो ।


## स्वास्थ्य लाभको कामना

परमानन्द यादव

सप्तरीको राजगढ गाउँपालिकाका अध्यक्ष श्री परमानन्द यादव कोरोना संक्रमित हुनुभएकोमा उहाँ चाडै कोरोना मुक्त भई जनता सेवालाई पुनः निरन्तरता दिने अपेक्षाका साथ माँ सखडेश्वरी भगवतीसँग उहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

प्रभाकर यादव
अध्यक्ष
जिल्ला समन्वय समिति, सप्तरी



## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# प्रहरी प्रमुखले कार्यालय बाहिर निस्कन पत्रकारलाई दिएको निर्देशनप्रति महासंघद्वारा भर्त्सना

**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य एवम् कान्तिपुर दैनिकका सप्तरी सम्बाददाता अबधेश कुमार झालाई सप्तरीका एसपी राजेन्द्र धमलाले रिर्पोटिङ्गका क्रममा जिल्ला प्रहरी कार्यालयबाट तत्कालै निस्कन दिएको निर्देशनप्रति नेपाल पत्रकार महासंघ सप्तरीले घोर भर्त्सना गरेको छ ।

महासंघका सचिव जितेन्द्र कुमार झाद्वारा जारि विज्ञप्तिमा सोमबार सप्तरीका केही अगुवा महिला जनप्रतिनिधि, कानुन व्यवसायी महिला तथा महिला अधिकारकर्मीहरुको एक टोली जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी राजेन्द्रप्रसाद धमलासंग भेटेर बढ्दै गएको महिला हिंसाका घटनाहरु वारे सामुहिक चिन्ता र चासो व्यक्त गर्दै यस्ता घटनाप्रति प्रहरीलाई अझ चनाखो वन्न ध्यानाकर्षण गराईरहँदा टोली सँगै रिर्पोटिंङ्ग गरिरहेका कान्तिपुर दैनिकका सम्वाददाता झालाई एसपी धमलाले कार्यालय बाहिर निस्कन दिएको निर्देशनप्रति महासंघले घोर भर्त्सना गरेको जनाइएको छ ।

जारि विज्ञप्तिमा महिला हिंसा न्यूनिकरण जस्तो सार्वजनिक सरोकारका विषयमा समाजका महिला अगुवाहरुले जिल्ला प्रहरी कार्यालय भित्रै जिल्लाका प्रहरी प्रमुखलाई सार्वजनिक रुपमा आह्वान गरिरहँदा त्यहाँ रिर्पोटिङ्गका लागि पुगेका पत्रकारले दुवै पक्षको कुराकानी सुन्नु, रिर्पोटिङ्गका लागि टिपोट गर्नु जस्ता काम पत्रकारहरुको सामान्य दैनिकी हो छभनिएको छ ।

पत्रकारहरुले निर्वाद रुपमा रिर्पोटिङ्ग गर्दै आएकोमा सार्वजनिक महत्वका मुद्दाहरुमा रिर्पोटिङ्ग गर्दा कसैको आदेश वा अनुमति नै लिनुपर्छ भने दृष्टान्त कतै नरहेकोले आफ्नो कमजोरी ढाकछोप गर्ने तथा त्यस्ता कमी कमजोरी वारे पत्रकारहरुले रिर्पोटिङ्ग गरेपछि सप्तरीका प्रहरी प्रमुखले व्यक्तिगत रिसरागका कारण संचारकर्मीसँग यस्तो व्यवहार गरेको महासंघको निष्कर्ष रहेको जारि विज्ञप्तिमा उल्लेख छ ।

घटनावारे ध्यानाकर्षणसहित सप्तरीका प्रहरी प्रमुखलाई यसप्रकारको आफ्नो व्यवहार प्रति आत्म आलोचना सहित आईन्दा यस्तो व्यवहार पुनः नदोहरियाई दिनु हुन नेपाल पत्रकार महासंघ हार्दिक आग्रह गर्दै अन्यथा पत्रकारहरुको आत्म सम्मान सहित आफ्नो अधिकार र स्वतन्त्रताका निम्ती महासंघले अन्य विकल्पहरु वारे समेत विचार गर्ने व्योहोरा विज्ञप्ती मार्फत जानकारी गराइएको छ ।

# तिलाठी कोइलाडीमा किसान भेला सुरु




**दैनिक समाचारदाता**
**राजविराज, १९ असोज ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले परम्परागत कृषि प्रणालीमा सुधार गरी उत्पादनमा वृद्धि ल्याउन ब्यवसायिक खेतीको प्रबर्द्धनकालागि किसान भेला सञ्चालन गरेको छ । सो भेला गाउँपालिका वडा नं. ४ कोइलाडीबाट सुरुवात गरिएको हो ।

सिमित साधन स्रोतको समुचित प्रयोग गरी बढीभन्दा बढी उत्पादन गर्ने सम्बन्धी प्रविधी तथा तरिकाहरुका बारेमा किसानहरुलाई जानकारी गराउने उद्देश्यका साथ उक्त भेलाको आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले जानकारी दिएका छन् ।

गाउँपालिकाले पशुपालन गर्ने कृषकहरुका लागि सहकारी संस्थामार्फत बिना ब्याजको ५० प्रतिशत ऋण दिने नीति ल्याएको तथा यसबाट कृषकलाई पशुपालन गर्न सहुलियत पुग्ने अध्यक्ष सिंहको भनाई छ ।

गाउँपालिकाले गहुँ, धान, मकै तथा सर्सौंको खेती गर्न प्रोत्साहन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा बीऊ उपलब्ध गराउने कार्यक्रम ल्याएको उनले जानकारी दिँदै कृषकको सुविधालाई ध्यानमा राखेर खेतीमा आत्मनिर्भर बनाउन गाउँपालिकाले कृषक लक्षित विभिन्न किसीमको कार्यक्रम ल्याएको बताए ।

सोही कार्यक्रममा बोल्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले कृषकलाई सुविधा दिन गाउँपालिकाले विभिन्न कार्यक्रम ल्याएको हुँदा ब्यवसायिक खेतीमा लाग्नुपर्ने आवश्यकता रहेको औंल्याए ।

यस्तै कृषि ज्ञानकेन्द्र राजविराजका बाली संरक्षण अधिकृत सुब्बालाल मण्डलले कृषि प्राविधिकको सहयोगमा मात्रै कुनै पनि बिषादी प्रयोग गर्नुपर्ने जानकारी दिँदै बिना जानकारी बिषादी प्रयोगले मित्र किराहरु समेत मर्ने गरेकोले त्यसबाट किसानलाई नै घाटा हुने जानकारी दिए ।

माटो तथा मल परीक्षण प्रयोगशाला कार्यालय राजविराजका प्रमुख सुनिलकुमार सिंहले खेती गर्ने माटोको जाँच निःशुल्क रहेकोले जाँच गराउन कृषकहरुलाई आग्रह गरे ।

समयमा मल नपाउनु, बालीमा किरा लाग्ने गरेको, माटो परीक्षण कसरी गर्ने जस्ता किसानहरुले समस्या सुनाएको गाउँपालिकाका कृषि विकास अधिकृत उदयकान्त झाले बताउनुभयो ।

गाउँपालिकाको वडा नं. ४ कोइलाडीबाट सुरु गरिएको किसान भेला आठ वटै वडाहरुमा गरिने जानकारी दिँदै अधिकृत झाले मंगलबार वडा नं. ७ मन्सापुर, बुधबार वडा नं. ५ को. बर्साइन र विहिबार वडा नं. ८ तोपामा किसान भेला राखिएको जानकारी समेत दिए ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np